**प्रशासकीय सहायक (सहायकस्तर प्रथम श्रेणी प्र.) पदमा सिफारिस हुनु भएकी बैकल्पिक १ की उम्मेदवार श्री सावित्री पुन मगरलाई योग्यताक्रमको सूचीबाट नाम हटाई बैकल्पिक (प्रतिक्षा सुची) को २ नम्बरमा सिफारिस रहनु भएकी उम्मेदवार श्री चमेली मगर (कुश्ले) लाई स्थायी नियुक्ति पत्र बुझ्न आउने बारेको अत्यन्त जरूरी सूचना !**

सूचना प्रकाशित मिति २०८३।०१।२९ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कार्यालयको निर्णयानुसार मिति २०८१।०३।२८ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार पदपूर्ति समितिको मिति २०८२।०५।१३ गतेको सिफारिस अनुसार विज्ञापन नम्बर १०६/०८०-०८१ (आ.ज) प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर प्रथम श्रेणीको प्रशासकीय सहायक पदमा कार्यरत रहनु भएका श्री सागर श्रेष्ठले मिति २०८२।१२।१४ गतेदेखि लागू हुने गरी प्रशासकीय सहायक पदवाट दिनु भएको राजिनामा स्वीकृत भएको ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा, शर्त तथा सुविधा सम्वन्धी विनियमावली, २०६९ (छैटौं संशोधन सहित) को बिनियम ३३(३) मा नियुक्तिको लागि सिफारिस भएको मितिले एक वर्षभित्र योग्यताक्रममा परेका उम्मेदवारले नियुक्ति लिएको पदवाट राजिनामा दिई वा निजको मृत्यु भई वा निजको अन्य पदमा नियुक्ति भई वा एक वर्षभित्र कुनै कारणले उक्त पद रिक्त हुन आएमा त्यस्तो उम्मेदवारको नाम योग्यताक्रबाट हटाई प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरु मध्ये योग्यताक्रमको आधारमा नियुक्ति दिइनेछ भन्ने व्यवस्था रहे वमोजिम उक्त पदमा वैकल्पिक (प्रतिक्षा सुची) उम्मेदवारहरुको योग्यताक्रम नं १ मा रहनु भएकी भिम वहादुरको नातिनी, मान सिं को छोरी तुलसीपुर-११, दाङ्ग स्थायी ठेगाना भएकी उम्मेदवार श्री सावित्रा पुन मगरलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनको लागि परिषद् कार्यालयको मिति २०८३।०१।०४ गतेको निर्णयानुसार मिति २०८३।०१।०७ गते सूचना प्रकाशित गरिएको ।

उक्त पदको प्रतिक्षा सूचीको १ नम्बरमा सिफारिस हुन भएकी श्री सावित्रा पुन मगरले तोकिएको म्यादभित्र कार्यालयमा हाजिर हुन नआउनु भएको हुँदा उक्त पदको त्यसपछिको योग्यताक्रममा रहनु भएकी चन्द्र बहादुरको नातिनी, राम बहादुरको छोरी रोल नम्बर १०४०६७० की भिमेश्वर -२ दोलखा स्थायी ठेगाना भएकी तपाई श्री चमेली मगर कुश्लेलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर ।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर

CamScanner